26th November 2026, Thursday

National News

प्रमुख समाचार

१.संविधान दिवसको अवसरमा राष्ट्रपति साथै प्रधानमन्त्रीले दिनुभयो देशवासीलाई शुभकामना

२. राष्ट्रिय सुरक्षा व्यवस्था आधुनिक प्रविधियुक्त हुनुपर्ने रक्षामन्त्रीको भनाइ

३. भारतले खाद्यान्न उत्पादनमा नयाँ कीर्तिमान कायम गरेको कृषि तथा किसान कल्याणमन्त्री श्री चौह०ानले दिनुभयो जानकारी

४. डाक विभागको राजस्वमा १६ प्रतिशत वृद्धि भएको दिनुभयो सञ्चारमन्त्रीले जानकारी

१. संविधान दिवस-राष्ट्रपति र प्रधानमन्त्री

भारतको ७७औँ संविधान दिवसका अवसरमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशवासीलाई शुभकामना दिनुभयो । नयाँ दिल्लीमा सर्वोच्च अदालतद्वारा आयोजित संविधान दिवस समारोहलाई सम्बोधन गर्नु हुँदै राष्ट्रपति मुर्मुले बदलिँदो समय र प्रविधिको प्रभावसँगै भारतीय न्यायपालिकाले न्यायका आधारभूत सिद्धान्तलाई निरन्तर कायम राख्दै आएको बताउनुभयो।

यसै अवसरमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सामाजिक सञ्जालमार्फत देशवासीलाई संविधान दिवसको शुभकामना व्यक्त गर्नुभयो। प्रधानमन्त्रीले संविधानमा निहित मूल्य र मान्यतालाई बलियो बनाउने प्रतिबद्धता दोहोऱ्याउनु हुँदै डा. बी. आर. अम्बेडकरलगायत संविधानसभाका महान् व्यक्तित्वहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो।

२. प्रधानमन्त्री मोदीद्वारा ५५औँ प्रगति बैठकको अध्यक्षता

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले हिजो प्रगति पहलको ५५औँ बैठकको अध्यक्षता गर्नु हुँदै सडक, विद्युत्, कोइला र रेल क्षेत्रका ७८ हजार करोड रुपैयाँभन्दा बढी लागतका पाँच पूर्वाधार परियोजनाको समीक्षा गर्नुभयो। उहाँले परियोजना समयमै सम्पन्न गर्नुका साथै निर्माणको गुणस्तर सुनिश्चित गर्न निर्देशन दिनुभयो। प्रधानमन्त्रीले आईटीआईको व्यवस्था र पीएम-सेतु योजनाको कार्यान्वयनको पनि समीक्षा गर्नुभयो।

३. संविधान दिवस- उपराष्ट्रपति

उपराष्ट्रपति श्री सी. पी. राधाकृष्णनले भारतीय संविधान कानुनी संरचना मात्र नभई राष्ट्रको जीवन्त आत्मा भएको बताउनुभएको छ। नयाँ दिल्लीमा संविधान दिवसको अवसरमा आयोजित कार्यक्रममा उहाँले संविधानसभाका सदस्यहरूले जनताको आकांक्षा प्रतिबिम्बित गर्ने

संविधान निर्माण गरेको उल्लेख गर्नुभयो। उपराष्ट्रपतिले संविधानको आठौँ अनुसूचीमा समावेश सबै २२ भाषामा संविधान सार्वजनिक गर्दै यसले भारतको भाषिक विविधता र लोकतान्त्रिक समावेशितालाई उजागर गर्ने बताउनुभयो।

४. गुरु तेग बहादुर- केन्द्रीय मन्त्री शेखावत

संस्कृति तथा पर्यटन मन्त्री श्री गजेन्द्र सिंह शेखावतले आफ्नो विगतको स्मृति नभएको समाज जराविहीन रूखजस्तै हुने बताउनुभएको छ। नयाँ दिल्लीमा आज आयोजित गुरु तेग बहादुरको ३५०औँ शहीद दिवस समारोहमा सहभागी हुने क्रममा मन्त्री शेखावतले उक्त विचार व्यक्त गर्नुभएको हो। गुरु तेग बहादुरका शिक्षाहरूको स्मरण गर्दै मन्त्री शेखावतले मानिसको वास्तविक शक्ति अरूलाई डर देखाउनुमा नभई निर्भीक भएर सत्य र न्यायका पक्षमा उभिनुमा निहित रहने बताउनुभयो। उहाँले देशले संविधान दिवस मनाइरहेको वर्तमान सन्दर्भमा गुरु तेग बहादुरको स्मरण अझ सान्दर्भिक बनेको उल्लेख गर्नुभयो

५. राष्ट्रिय सुरक्षा व्यवस्था -रक्षामन्त्री

रक्षामन्त्री राजनाथ सिंहले भारतलाई विकसित राष्ट्र तथा प्रमुख वैश्विक शक्ति बनाउने लक्ष्यका लागि राष्ट्रिय सुरक्षा व्यवस्था बलियो , सक्षम र आधुनिक प्रविधियुक्त हुनुपर्ने बताउनुभएको छ। नयाँ दिल्लीमा राष्ट्रिय रक्षा महाविद्यालय (एनडीसी) को ६६औँ पाठ्यक्रमको समापन समारोहलाई सम्बोधन गर्नु हुँदै उहाँले राष्ट्रको शक्ति सैन्य क्षमता र आर्थिक स्रोतमा मात्र नभई संस्थागत गुणस्तर, नेतृत्वको दूरदर्शिता र बदलिँदो विश्वअनुसार अनुकूलन गर्ने क्षमतामा पनि निर्भर रहने उल्लेख गर्नुभयो।रक्षामन्त्रीले पाठ्यक्रम सफलतापूर्वक पूरा गर्ने अधिकारीहरूलाई बधाई दिनुभयो। दुई सातासम्म चलेको उक्त कार्यक्रमको चौथो संस्करणमा ग्लोबल साउथका २२ देशका २५ अन्तर्राष्ट्रिय सहभागीका साथै भारतीय सशस्त्र बल र निजामती सेवाका १० वरिष्ठ अधिकारी तथा रक्षा कम्पनीका तीन अधिकारी सहभागी थिए।

७. खाद्यान्न उत्पादनमा भारतको नयाँ कीर्तिमान

कृषि तथा किसान कल्याणमन्त्री श्री शिवराज सिंह चौहानले सन् २०२५–२६ मा भारतले ३७ करोड ७८ लाख टनभन्दा बढी खाद्यान्न उत्पादन गरी नयाँ कीर्तिमान कायम गरेको बताउनुभएको छ। यो अघिल्लो वर्षको तुलनामा २ करोड ८ लाख टनले बढी हो। नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री चौहानले भारत लगातार दोस्रो वर्ष विश्वकै सबैभन्दा ठूलो चामल उत्पादक बनेको जानकारी दिनुभयो।
उहाँले बताउनु भए अनुसार गहुँ उत्पादनमा भारत विश्वमा दोस्रो स्थानमा छ भने दलहन उत्पादन पनि बढेको छ। सन् २०२६–२७ को खरीफ मौसमको पहिलो अग्रिम अनुमान

सार्वजनिक गर्नुहुँदै उहाँले प्रतिकूल मौसम, मनसुनमा ढिलाइ र माटोमा चिस्यानको कमीका रहेतापनि खाद्यान्न उत्पादन पाँच वर्षको औसतभन्दा ९७ लाख ६७ हजार टन बढी रहने अनुमान गरिएको बताउनुभयो।

८. संविधान : कानुनमन्त्री मेघवाल

केन्द्रीय कानुन तथा न्यायमन्त्री श्री अर्जुन राम मेघवालले विकसित भारतको निर्माणमा संविधान मार्गदर्शक बनेको बताउनुभएको छ। संविधान दिवसका अवसरमा लेख प्रकाशित गर्नु उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा संवैधानिक आदर्शलाई व्यवहारमा उतार्ने प्रयास भइरहेको उल्लेख गर्नुभएको छ। मन्त्री मेघवालले संवैधानिक संशोधन र विभिन्न ठोस उपायमार्फत सामाजिक तथा आर्थिक समानतालाई अघि बढाइएको बताउनुभयो उहाँले मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) ले प्रत्येक योग्य नागरिकको मतदान अधिकार सुरक्षित राख्न र अपात्र मतदाताका कारण जनादेश प्रभावित हुन नदिन सहयोग गर्ने बताउनुभयो।

९. संविधान दिवस- लोकसभा अध्यक्ष

लोकसभा अध्यक्ष श्री ओम बिरलाले भारतीय संविधान देशको सर्वोच्च कानुन मात्र नभई लोकतान्त्रिक मूल्य, राष्ट्रिय एकता र सामूहिक आकांक्षाको आधार भएको बताउनुभएको छ।

नयाँ दिल्लीमा संविधान दिवसका अवसरमा युवाहरूलाई सम्बोधन गर्दै उहाँले संविधानका आदर्शलाई अध्ययनमा मात्र सीमित नराखी दैनिक जीवन र व्यवहारमा आत्मसात् गर्न आग्रह गर्नुभयो।

उहाँले लोकतन्त्र बलियो हुनमा नागरिकको अधिकारसँगै कर्तव्य र जिम्मेवारी निर्वाह गर्ने भावनामा पनि निर्भर रहने बताउनुभयो। साथै, न्याय, स्वतन्त्रता, समानता र बन्धुत्वका संवैधानिक मूल्यले विविधतापूर्ण भारतको एकता र अखण्डता कायम राख्न महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नुभयो।

१०. डाक विभागको राजस्वमा १६ प्रतिशत वृद्धि

सञ्चारमन्त्री श्री ज्योतिरादित्य सिन्धियाले आर्थिक वर्ष २०२५–२६ मा डाक विभागको राजस्व करिब १६ प्रतिशतले वृद्धि भई १३ हजार २०० करोडबाट बढेर १५ हजार ५०० करोड रुपैयाँ पुगेको बताउनुभएको छ।

नयाँ दिल्लीमा जानकारी दिनु हुँदै उहाँले चालु आर्थिक वर्षमा १९ हजार ८०० करोड रुपैयाँभन्दा बढी राजस्व सङ्कलन गर्ने लक्ष्य रहेको उल्लेख गर्नुभयो। मन्त्री सिन्धिया अनुसार सरकारले सन् २०३० सम्म डाक विभागलाई लागत केन्द्रबाट नाफामुखी संस्थामा रूपान्तरण

गर्ने लक्ष्य राखेको छ। यसका लागि डाक सेवा, यातायात तथा लजिस्टिक्स पूर्वाधारलाई थप बलियो बनाइनेछ।

११. आगामी केन्द्रीय बजेट

केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले आज नयाँ दिल्लीमा आगामी केन्द्रीय बजेट २०२७–२८ का लागि युवाहरूसँगको १३औँ तथा अन्तिम पूर्व-बजेट परामर्श बैठकको अध्यक्षता गर्नुभयो।बैठकमा आर्थिक मामिला विभाग, शिक्षा मन्त्रालय तथा युवा मामिला एवं खेलकुद मन्त्रालयका सचिवहरूको पनि उपस्थिति रहेको थियो

१२ सैयद मोदी अन्तर्राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता

लखनउमा जारी सैयद मोदी इन्डिया इन्टरनेसनल सुपर ३०० ब्याडमिन्टन प्रतियोगितामा साविक विजेता त्रिशा जोली र गायत्री गोपीचन्दले जितसँगै उपाधि रक्षा अभियान सुरु गरेका छन्।मिश्रित युगलतर्फ शीर्ष वरीयताका ध्रुव कपिला र तनिषा क्रास्टोले पनि जित दर्ता गरेका छन्।